पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरू
बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे

सम्पर्क: मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ७१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ चैत १२ गते मंगलबार ❑ 25 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## नयाँ पुस्तालाई उत्पादनसँग जोडेर अर्थतन्त्र सबल बनाउनुपर्छ : महासचिव पोखरेल

**पोखरापत्र संवाददाता**
पोखरा, ११ चैत



नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव शङ्कर पोखरेलले नयाँ पुस्तालाई कृषि उत्पादनमा जोड्दै अर्थतन्त्रलाई सबल बनाउनुपर्ने बताउनुभएको छ।

कृषि विकास बैंक कर्मचारी सङ्घ नेपालको १० औं केन्द्रीय परिषद्को सोमबार पोखरामा उद्घाटन गर्दै उहाँले युवा विदेश पलायनबाट रोक्न कृषिलाई केन्द्रबिन्दुमा राखेर सँग कृषिको व्यवसायीकरण गर्न बैंकले लगानी वृद्धि गर्नुपर्नेमा जोड दिनुभयो । महासचिव पोखरेलले पराम्परागत कृषि पद्धतिलाई परिवर्तन गरी वैज्ञानिक कृषि प्रणाली अवलम्बन गर्न जरुरी रहेको भन्दै बैंकले पनि आफ्नो प्राथमिकता बुझ्न आवश्यक रहेको बताउनुभयो।

कृषि विकास बैंकले पछिल्लो समय आफूलाई सुधार गर्दै लगेकामा प्रशंसा गर्दै उहाँले बचतकर्ताको संरक्षण गर्ने दायित्व नबिर्सन आग्रह गर्नुभयो। "ऋणीहरू इमानदार नहुँदा बैंक तथा वित्तीय संस्था सङ्कटमा पर्नु हो । ऋणीलाई स्रोत र प्रविधि हस्तान्तरण गर्दै उनीहरूसँग नजिक रहनुपर्छ। ऋण प्रवाह गर्दा काज र मनोविज्ञान पनि बुझ्न आवश्यक छ", उहाँले भन्नुभयो। महासचिव पोखरेलले पछिल्लो समय लोकतन्त्रमाथि प्रहार गर्न केही मानिसहरू मक्किएका राजालाई बोकेर हिडेको आरोप लगाउनुभयो।"लोकतन्त्रकोविकल्प छैन । कतिपयले विसं २०४६ को परिवर्तनपछि के भयो भनेर टिप्पणी गर्छन् तर त्यसअघि देशको अवस्था कस्तो थियो भनेर हेरौं । शिक्षा, स्वास्थ्य, सडक, सञ्चार तथा प्रविधि, पुल निर्माणले लोकतन्त्र स्थापनापछि नै तीव्रता पाएको हो", उहाँले भन्नुभयो।

एमाले स्थायी कमिटी सदस्य एवं गण्डकी प्रदेशका पूर्वमुख्यमन्त्री खगराज अधिकारीले जनताको जीवनस्तर माथि उकास्न बैंकले आफ्ना गतिविधि सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले देशको अर्थतन्त्र कमजोर भएको अवस्थामा बैंकले उद्यमशीलता र उत्पादनमुखी क्षेत्रमा लगानी गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो। एमाले नेता एवं पूर्वमन्त्री किरण गुरुङले राजतन्त्र गणतन्त्रको विकल्प हुन नसक्ने बताउनुभयो । कृषि विकास बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्द गुरुङले पछिल्लो समय बैंक मुनाफा गर्नेतर्फ अगाडि बढेको र खराब कर्जा घटाउने अभियानमा आफूहरू लागेको बभताउनुभयो। उहाँले ८२ हजार किसानलाई रु ६७ अर्ब लगानी गरेको जानकारी दिनुभयो।

## आफ्नो गरिमालाई जोगाइरहनु लोक सेवा आयोगको चुनौती: प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, ११ चैत



गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले लोक सेवा आयोग राष्ट्रका सेवा गर्न चाहने आम नागरिकको आशा एवम् भरोसाको केन्द्रको रुपमा रहेको बताउनुभएको छ।

उहाँले निश्पक्षता र गुणस्तरीयतामा कुनै सम्झौता नगरी स्वतन्त्र निकायको रुपमा आफ्नो गरिमालाई अक्षुण राख्नु आयोगका लागि चुनौतीपूर्ण रहेको पनि उल्लेख गर्नुभयो।

प्रदेश लोकसेवा आयोग, गण्डकी प्रदेश, पोखराको चौथो वार्षिकोत्सव समारोहमा प्रमुख अतिथि भट्टले आयोगले गरेको काम र भूमिकाको प्रशंसा पनि गर्नुभयो । उहाँले भन्नुभयो - 'देश संघीय संरचनामा रूपान्तरण भएसँगै जारी हुनुपर्ने संघीय निजामती सेवा ऐन जारी नभएको विषम परिस्थितिमा पनि प्रदेश सरकार र प्रदेश लोकसेवा आयोगबाट प्रदेश कानून बमोजिम प्रदेश र स्थानीय तहका कर्मचारीको भर्ना, छनौट र सिफारिसको जिम्मेवारी सफलतापूर्वक निर्वाह हुँदै आएको छ।' पाठ्यक्रमलाई आवधिक रुपमा परिमार्जन एवम् अध्यावधिक गर्ने, परीक्षा प्रणालीमा सामयीक सुधार गर्ने जस्ता विधि र प्रक्रिया अवलम्बन गरी उम्मेदवारको परीक्षण र छनौट प्रणालीको गुणस्तरीयता कायम गर्दै योग्यता प्रणालीको संरक्षण गर्नमा प्रदेश लोक सेवा आयोग निरन्तर क्रियाशील रहनेछ भन्नेमा आफू विश्वस्त रहेको उहाँको भनाई छ।

प्रदेश प्रमुख भट्टले संविधान र प्रचलित कानूनले निर्दिष्ट गरे बमोजिमका कार्यहरुको अलावा स्मारिका प्रकाशन जस्ता रचनात्मक कार्यहरु समेत गरेकोमा बधाई ज्ञापन गर्दै आगामी दिनहरुमा पनि नियमित कार्यहरुको प्रभावकारिता अभिवृद्धि गर्दै थप रचनात्मक कार्यहरु गर्न उत्प्रेरणा र सफलता मिलोस् भन्ने कामना पनि गर्नुभयो । प्रदेश प्रमुख भट्टले लोक सेवा आयोग गण्डकी प्रदेशले प्रकाशित गरेको स्मारिका समेत लोकार्पण गर्नुभयो। प्रदेश लोकसेवा आयोग, गण्डकी प्रदेश, पोखराका अध्यक्ष विष्णुप्रसाद नेपालको अध्यक्षतामा भएको कार्यक्रममा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, सभामुख कृष्णप्रसाद धिताल, विपक्षी दलका नेता हरिबहादुर चुमान, पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य, गण्डकी प्रदेश सरकारका प्रमुख सचिव रघुराम विष्ट लगायतले बोल्नुभएको थियो। उक्त अवसरमा उत्कृष्ट कर्मचारीबाट उपसचिव दामोदर सुवेदीलाई नगद १० हजार र सम्मानपत्रबाट पुरस्कृत गरिएको थियो। यस्तै, आयोगको लोगो निर्माण गर्ने जगदीश्वर पाण्डेलाई नगद ४० हजारले पुरस्कृत गरिएको थियो।

## मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषा बनाउन ल्याइएको विधेयकमाथि छलफल

**पोखरापत्र संवाददाता**
पोखरा, ११ चैत



गण्डकी प्रदेशसभामा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषा बनाउन ल्याइएको विधेयकमाथि सैदान्तिक छलफल सम्पन्न भएको छ।

छलफलका क्रममा १३ जना प्रदेशसभा सदस्यहरूले आफ्ना धारणा राख्दै कार्यान्वयनका विषयमा विभिन्न महत्वपूर्ण सुझाव प्रस्तुत गरेका छन्। सैदान्तिक छलफलमा उठेका प्रश्नहरुको जवाफ दिँदै गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दुकुमार थापाले प्राप्त सुझावहरूलाई अनुसरण गर्दै विधेयक पारित हुने बताए। "सैदान्तिक छलफलपछि विधेयक विषयगत समितिमा पठाइनेछ, जसका लागि ७२ घण्टाभित्र संशोधन प्रस्ताव राख्न सकिनेछ। समितिमा पुगेपछि विज्ञहरूसँग विस्तृत छलफल गरिनेछ।", उनले भने।

नेपालको संविधानको धारा ७ को उपधारा २ अनुसार प्रदेशले बहुसंख्यक जनताले बोल्ने अन्य राष्ट्रभाषालाई प्रदेशको कानून बमोजिम सरकारी कामकाजको भाषा बनाउन सक्ने प्रावधान रहेको र यसै अनुसार गण्डकी प्रदेशमा मगर (१८.७९%) र गुरुङ (११.३१%) भाषी जनसंख्या रहेका कारण भाषा आयोगको सिफारिसअनुसार यी दुई भाषालाई अगाडि बढाइएको उनले बताए । विधेयकमा नेपाली भाषाका अतिरिक्त अन्य भाषा प्रयोग गरेमा भेदभाव नगर्ने व्यवस्था गरिएको भनाई मन्त्री थापाको छ। साथै, अन्य भाषाको संरक्षणका लागि आवश्यक कदम चाल्ने विषय समेत विधेयकमा उल्लेख छ।

गण्डकी प्रदेशभित्रका अन्य मातृभाषाहरूलाई स्थानीय तहसँग सहकार्य गर्दै प्रवर्द्धन गर्न सकिने व्यवस्था पनि समेटिएको उनले बताए । कार्यान्वयनका लागि आवश्यक बजेट सुनिश्चित गरि अनुगमन समितिको प्रतिवेदनका आधारमा पुनरावलोकन गर्ने व्यवस्था समेत विधेयकमा समावेश गरिएको छ। विविधतामा एकता र सामाजिक न्याय कायम गर्न विधेयकको उद्देश्य स्पष्ट गरिएको मन्त्री थापाले बताए। प्रदेश सरकारका अनुसार विधेयकमा सबै विषय समेट्न कठिन हुने भएकाले कार्यविधि र नियमावलीमार्फत

बाँकी अन्तिम पृष्ठमा ▶▶

भर्ना खुल्यो !

यस भद्रकाली माध्यमिक विद्यालय पोखरा-१३, कुँडहरमा नेपाल सरकार शिक्षा मन्त्रालय शिक्षा विभागद्वारा स्वीकृत प्राप्त व्यवसायिक तालिम तथा प्राविधिक शिक्षा परिषद् अन्तर्गतको स्वास्थ्य विज्ञानमा प्रविणता प्रमाणपत्र उत्तीर्ण गरिसकेका विद्यार्थीहरूका लागि उच्च माध्यमिक तहको समकक्षता प्राप्त गरी स्नात्तक तह अध्ययन गर्नका लागि तयार पारिएको **पूर्वावश्यक पाठ्यक्रम** (**Prerequisite Curriculum**) मा भर्ना खुलेको जानकारी गराइन्छ।

नयाँ शैक्षिक सत्र २०८२ को
भर्ना हुने अन्तिम मिति: २०८२ बैशाख ५ गते शुक्रबारसम्म
कक्षा संचालन मिति: २०८२ बैशाख ८ गते सोमबारबाट

विद्यालय प्रशासन
भद्रकाली माध्यमिक विद्यालय परिवार
पोखरा-१३, कुँडहर
फोन नं.: ०६१-५८३७८७, ९८५६०१२१६७, ९८४६०५९४५१, ५८५६०३३४१४

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# अन्नपूर्ण क्षेत्रमा पदयात्री पर्यटकको चहलपहल

**रासस**
पोखरा, ११ चैत



दोस्रो मुख्य पर्यटकीय याम सुरु भएसँगै अन्नपूर्ण चक्रीय पदमार्गमा पदयात्री पर्यटकको चहलपहल बढ्न थालेको छ । यस क्षेत्रमा चैत-वैशाख र असोज-कात्तिकको याम पदयात्राका लागि उत्तम मानिन्छ।

ट्रेकिङ एसोसिएसन अफ नेपाल (टान) गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले गत सातादेखि पर्यटकको आउजाउ बढेको बताउनुभयो । "मौसम सफा छ, हिमाल खुलेको छ, पर्यटन क्षेत्र चलायमान बनेको छ", उहाँले भन्नुभयो, "शरद ऋतुपछि यो याममा धेरै पर्यटक नेपाल भित्रन्छन् ।"अध्यक्ष आचार्यका अनुसार पदयात्रामा विदेशी पर्यटकसँगै पछिल्लो समय आन्तरिक पर्यटकको पनि आकर्षण बढेको छ । अन्नपूर्ण संरक्षण क्षेत्रमा अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ, म्याग्दीको घोडेपानी, कास्कीको खुमै डाँडा, कोरी आदि पदयात्री पर्यटकको रोजाइमा पर्ने गन्तव्यस्थल हुन् । अन्नपूर्ण चक्रीय पदमार्ग पदयात्राका लागि विश्वप्रसिद्ध गन्तव्यस्थल रहेको अध्यक्ष आचार्यले बताउनुभयो । गत वर्ष पोखरालाई पर्यटनको राजधानी सहरका रूपमा घोषणा गरेपछि यस क्षेत्रमा पर्यटकको आकर्षण थप बढेको उहाँको भनाइ छ । पोखरा जोड्ने मुख्य सडकमार्ग र अन्तरर्राष्ट्रिय हवाईयात्रालाई नियमित तथा व्यवस्थित बनाउन सके उल्लेख्य सङ्ख्यामा पर्यटक भित्र्याउन सकिने उहाँले बताउनुभयो । अध्यक्ष आचार्यले कतिपय पुराना र स्थापित पदमार्ग सडकका कारण सङ्कटमा परेकाले तिनको विकल्प खोज्नुपर्ने बताउनुभयो । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)का अनुसार अन्नपूर्ण क्षेत्रमा सन् २०२४ मा दुई लाख ४४ हजार ४५ जना विदेशी पर्यटक भित्रिएका थिए । जसमा दक्षिण एसियाली मुलुकका एक लाख ३२ हजार ९४ र अन्य मुलुकका एक लाख ११ हजार नौ सय ५१ रहेका थिए । उक्त सङ्ख्या हालसम्मकै बढी रहेको आयोजना प्रमुख डा रविन कडरियाले बताउनुभयो। त्यसअघि सबैभन्दा बढी सन् २०२३ मा एक लाख ९१ हजार पाँच सय ५८ पर्यटकले यस क्षेत्रको भ्रमण गरेका थिए । सन् २०१९ मा एक लाख ८१ हजार पर्यटक भित्रिएकामा त्यसयता कोभिड-१९ महामारीका कारण पर्यटक आगमन घटेको थियो । उक्त महामारी छँदा सन् २०२१ मा जम्मा १६ हजार एक सय पाँच पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका थिए । त्यसको अर्को वर्षअर्थात् सन् २०२२ मा जम्मा एक लाख २९ हजार सात सय ३३ पर्यटक अन्नपूर्ण क्षेत्रमा पुगेका थिए। गत वर्षदेखि यस क्षेत्रको पर्यटन पुरानै लयतिर फर्किएको 'एक्याप'का प्रमुख डा कडरियाले बताउनुभयो ।

उहाँका अनुसार 'एक्याप' ले पदयात्रा र सडकमार्ग भएर सो क्षेत्रका विभिन्न गन्तव्यस्थलमा पुग्ने विदेशी पर्यटकको तथ्याङ्क राख्दै आएको छ। सात हजार छ सय वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्रमा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १६ स्थानीय तहका ८९ वडा समेटिएका छन् ।

अन्नपूर्ण क्षेत्र प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, सम्भयता, संस्कृति आदि कारणले देशविदेशका पर्यटकको रोजाइमा पर्ने गरेको छ। यहाँको प्राकृतिक सौन्दर्य, विशिष्ट भूगोल, हावापानी, जैविक विविधता, हिमाली जनजीवन, सभ्यता र संस्कृतिको अवलोकनसँगै घुमफिरको आनन्द लिन पर्यटक पदयात्रामा जाने गरेका छन् । कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायत जनसुकै मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दूरीको पदयात्रा तय गर्न सकिन्छ। आकर्षक गन्तव्यस्थल, पर्यटनमैत्री पूर्वाधार, स्थानीयवासीको आतिथ्यता र सेवासुविधाका हिसाबले अन्नपूर्ण क्षेत्र पदयात्राका लागि उत्कृष्ट मानिन्छ।

# खानेपानी संस्थानले उपभोक्ताको हितमा रकम खर्च गर्छ : महाप्रबन्धक ढकाल

**पोखरापत्र संवाददाता**
पोखरा, ११ चैत



नेपाल खानेपानी संस्थानका महाप्रबन्धक अर्जुनबाबु ढकालले उपभोक्ताको हितमा रकम खर्च गरिने बताएका छन् ।

संस्थानले नेपाल सरकारसँग आवश्यक छलफल, परामर्श तथा नयाँ योजना मार्फत् लगानीको वातावरण सिर्जना गरिनेमा जोड दिएका हुन् । महाप्रबन्धक नियुक्त भएपछि पहिलो भ्रमण पोखरा निस्केका ढकालले सवैकर्मचारी संग भएको क्षमता उपयोग गरेर मुस्कान सहितको सेवा प्रदान गर्न कर्मचारीलाई निर्देशन दिएका थिए ।

बजेटको अभावमा उपभोक्ताको घरमा पानी नजाने समस्या समाधान गर्ने बताएका महाप्रबन्धक ढकालले नयाँ नयाँ योजना ल्याउन सवै शाखासँग आग्रह गरे । आफूलाई सवै शाखागत उपभोक्ताको ज्ञान नहुने बताएका ढकालले शाखामा कार्यरत सवै कर्मचारीको भावना, मर्म र विश्वास जितेर योजना बनाउन निर्देशन दिएका थिए। ठूला आयोजना अलपत्र परेको इङ्गित गर्दै सुधारको लागि आफू दौडिने प्रतिवद्धता समेत जनाए । पोखरा शाखाद्वारा आयोजित स्वागत तथा सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै खरिद प्रक्रियालाई प्रभावकारी बनाउन, मितव्ययीता अपनाउन, कामै गरेर सुधार गर्न, उपभोक्ताको सेवालाई पहिलो प्राथमिकता दिन, करार, ज्यालादारी र स्थायीबीच फरक नछुट्याउन कार्यालय प्रमुखहरुलाई निर्देशन दिएका थिए । महाप्रबन्धक ढकालले सवै तहमा कार्यरत कर्मचारीको समान भूमिका हुने भएकाले एक परिवार बनेर सेवा दिन सक्नु पर्नेमा जोड दिएका थिए ।

परिवारमा पर्ने समस्या परिवार भित्रै मिलाउने अभियानमा आफू रहेको भन्दै उनले भने, 'हरेक समस्या सिधै मलाई भन्नुहोस्, भन्न नसके शाखा प्रमुख, महाशाखा प्रमुखलाई भन्नुस्, म समस्या समाधान गर्छु ।' आफू भन्दा माथिल्लो निकायमा जानु पर्ने विषय भएपनि आफू तयार रहने बताएका थिए । ढकालले ढिलो गरेर कर्मचारी सेवा शर्त विनियमावली संस्थानले प्राप्त गरेपनि नमिलेका, छुटेका तथा कर्मचारीको हितमा आवश्यक पर्ने विषयमा आफू गम्भिर बनेको बताए । उनले विगतको सुविधा भन्दा धेरै नयाँ सुविधा थपिएको चर्चा गर्दै प्राप्त गरेको उपलब्धीलाई छिट्टै कार्यान्वयनमा जाने उद्घोषगरेकाथिए।विनियमावली परिवर्तनशील दस्तावेज भएकाले आवश्यकताको आधारमा थपघट गर्न सकिने धारणा राखेका थिए । पोखरा शाखाका प्रमुख आशिष कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल खानेपानी संस्थान कर्मचारी संघका केन्द्रीय अध्यक्ष केदार धमलाले विभेदको नीति अन्त्य गरेर अब्बल संस्थान बनाउने अभियानमा साथ दिने बताउँदै राम्रो कार्यको स्वागत र नराम्रो कार्यको विरोध गर्ने जनाएका थिए ।

पोखरा शाखाका प्रशासन प्रमुख विष्णुप्रसाद रेग्मीले सञ्चालन गरेको सभामा नेपाल खानेपानी संस्थान कर्मचारी संगठनका केन्द्रीय महासचिव वसन्तराज भण्डारीले सवै मिलेर संस्थानलाई विश्वसिलो र भरपर्दो बनाउनु पर्ने बताएका थिए । सभा समापन गर्दै पोखराका प्रमुख आशिष कार्कीले महाप्रबन्धकले दिएको निर्देशन पूर्णरुपमा पालना गरेर उपभोक्ताको सेवा हर समय खर्चने बताएका थिए ।

# तनहुँमा भेटिए एक सय ७९ क्षयरोगी, १५ जनाको मृत्यु

**पोखरापत्र संवाददाता**
दमौली, ११ चैत

जिल्लामा चालु आर्थिक वर्षमा १७९ जना क्षयरोगका बिरामी भेटिएका छन् । चालु आर्थिक वर्षको आठ महिनामा दश वटै स्थानीय तहमा एक सय ७९ क्षयरोगका बिरामी भेटिएका हुन् ।

प्रदेश जनस्वास्थ्य कार्यालय तनहुँका 'ल्याव टेक्निसियन' दीपक श्रेष्ठका अनुसार आँबुखैरेनी गाउँपालिकामा २०, बन्दीपुर गाउँपालिकामा १९, भानु नगरपालिकामा ११, भिमाद नगरपालिकामा छ, व्यास नगरपालिकामा ५३, देवघाट गाउँपालिकामा १५, घिरिङ गाउँपालिकामा १४, ऋषिङ गाउँपालिकामा सात, म्याग्दे गाउँपालिकामा ११ र शुक्लागण्डकी नगरपालिकामा २३ जनामा क्षयरोग पुष्टि भएको छ । त्यसमध्ये छ जना बालबालिका छन् भने तीन जना एचआइभी सङ्क्रमित छन् ।

त्यसैगरी जिल्लामा क्षयरोगबाट १५ जनाको मृत्यु भएको छ । साउन महिनादेखि फागुन मसान्तसम्ममा क्षयरोगबाट १५ जनाको मृत्यु भएको उहाँले जानकारी दिनुभयो । अघिल्लो आर्थिक वर्षमा क्षयरोगबाट जिल्लामा १४ जनाको मृत्यु भएको थियो । अघिल्लो आर्थिक वर्षमा जिल्लामा दुई सय ८६ क्षयरोगका बिरामी भेटिएका थिए । जिल्लास्थित एक सय ११ स्वास्थ्य संस्थाबाट क्षयरोगीको उपचार भइरहेको श्रेष्ठले जानकारी दिनुभयो। त्यसैगरी १४ स्वास्थ्य संस्थामार्फत क्षयरोग पहिचानका लागि खकार परीक्षणको व्यवस्था मिलाइएको छ। प्रदेश जनस्वास्थ्य कार्यालय प्रमुख शङ्करबाबु अधिकारीले अशिक्षा, अज्ञानता र भौगोलिक कारणले क्षयरोगी उपचारको पहुँचमा आउन नसकेको बताउनुभयो । "उपचारमा नरहेको एक क्षयरोगीले औसतमा १० देखि १५ स्वस्थ्य व्यक्तिलाई रोग सार्न सक्छ," उहाँले भन्नुभयो, "सो तथ्याङ्कलाई घटाउन पनि नयाँ क्षयरोगीको पहिचान आवश्यक छ।"

**कर्णालीमा पनि बढे क्षयरोगी**

त्यसैगरी कर्णालीमा पनि क्षयरोगीको सङ्ख्या वृद्धि भएको छ। विश्व क्षयरोग दिवसको अवसर पारेर स्वास्थ्य सेवा निर्देशनालय सुर्खेतले सार्वजनिक गरेको विवरणअनुसार चालु आर्थिक वर्षको आठ महिनामा प्रदेशका १० जिल्लामा आठ सय ९९ नयाँ क्षयरोगका बिरामी थपिएका हुन् । अघिल्लो आर्थिक वर्षमा प्रदेशभर एक हजार सात सय १४ जनामा क्षयरोगको सङ्क्रमण देखिएको थियो। चालु आवको आठ महिनामा मात्रै आठ सय ९९ बिरामी थपिएका हुन् । साउनदेखि फागुनसम्ममा सबैभन्दा धेरै सुर्खेत जिल्लामा तीन सय १२ नयाँ क्षयरोगका बिरामी फेला परेका छन् । सल्यानमा एक सय ७६, रुकुमपश्चिममा एक सय पाँच, दैलेखमा ८७, जाजरकोटमा ७०, कालिकोटमा ५२, जुम्लामा ४३, डोल्पामा २३, मुगुमा २१ र सबैभन्दा कम हुम्लामा १९ जनामा सङ्क्रमण देखिएको स्वास्थ्य सेवा निर्देशनालयका क्षयकुष्ठ फोकलपर्सन तथा सूचना अधिकारी पदम केसीले जानकारी दिनुभयो । उहाँले अझै क्षयरोगीहरु उपचार बाहिर रहनु चुनौतीपूर्ण रहेको बताउनुभयो । यसैबीच आज विश्व क्षयरोग दिवसको अवसर पारेर आज प्रभातफेरि र कोणसभा गरिएको छ। सो कार्यक्रममा कर्णाली प्रदेशका सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले उपचार बाहिर रहेका क्षयरोगका बिरामीलाई उपचारमा ल्याइ सन् २०५० भित्र नेपाललाई क्षयरोग मुक्त बनाउने अभियानलाई सघाउन आग्रह गर्नुभयो । उहाँले बस्ती बस्तीमा क्षयरोगका बिरामी रहेकोले खोजी कार्यलाई तीव्रता दिन सुझाव दिनुभयो। स्वास्थ्य सेवा निर्देशक डा रविन खड्काले प्रदेशमा क्षयरोगका बिरामीलाई उपचारमा ल्याउने काम भइरहेको जानकारी दिनुभयो।

# प्रधानमन्त्री कप क्रिकेट खेलमा गण्डकी र सशस्त्र विजयी

**रासस**
काठमाडौं, ११ चैत

प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिताअन्तर्गत आज भएका खेलमा गण्डकी प्रदेश र सशस्त्र प्रहरी विजयी भएका छन् ।

गण्डकीले मधेसलाई प्रतियोगिताको पहिलो सुपर ओभरमा हराएको छ भने सशस्त्र प्रहरीले लुम्बिनी प्रदेशलाई ७ विकेटले पराजित गरेको छ । गण्डकीले जिते पनि सबै खेलमा ४ अङ्क मात्र बटुल्दै बाहिरिएको छ भने अन्तिम खेल खेलेको लुम्बिनी पराजित हुँदै बाहिरिएको छ । जारी प्रतियोगितामा आज पहिलो सुपर ओभर खेलाइएको हो । मधेस प्रदेश र गण्डकी प्रदेशबिचको खेल बराबरीमा टुङ्गिए पछि खेलको छिनोफानो गर्न सुपर ओभर खेलाइएको हो । भैरहवास्थित सिद्धार्थ क्रिकेट रङ्गशालामा २४७ रनको लक्ष्य लिई मैदान प्रवेश गरेको गण्डकीले ५० ओभरमा आफ्नो सबै विकेट गुमाउँदै २४६ रन मात्र बनाउन सक्यो। अन्तिम बलमा २ रन आवश्यक रहे पनि सन्दिप अर्याल रन आउट भए। तर त्यस अघि नै एम्पायर सञ्जय गुरुङ्गले बललाई वाईड दिइसकेकाले गण्डकीले १ अतिरिक्त रन पाउँदै खेल बराबरीमा टुङ्गिएको थियो। सुपर ओभरमा पहिला ब्याटिङ गर्दै गण्डकीले २२ रन बनाएको थियो । २३ रनको लक्ष्य मधेसले भेट्टाउन सकेन । उसले सुपर ओभरमा ९ रन मात्र बनाउन सक्यो र अन्ततः गण्डकी प्रदेश सुपर ओभरमा विजयी भयो । यस अघि गण्डकीका लागि अर्जुन कुमालले शतक प्रहार गरे। उनले १४० बलको सामना गर्दै १० चौका र १ छक्काको सहयोगमा १०६ रन बनाए।

# मगर....

आवश्यक विषयहरू थप गर्न सकिनेछ। विधेयकमा सुधारका लागि संशोधनको व्यवस्था पनि गरिएकाले समयानुकूल परिमार्जन गरिने प्रतिबद्धता उनले गरेका छन् । स्याङजा, तनहुँ, बाग्लुङ, लमजुङ र कास्की जिल्लाहरूमा व्यापक छलफल गरेपछि मात्रै विधेयक सदनमा प्रस्तुत गरिएको मन्त्री थापाले बताए। प्रदेश सरकारले अन्य विधेयकको तुलनामा यस विधेयकमाथि बढी छलफल भएको उल्लेख गर्दै विषयगत समितिमा सरोकारवालाहरू तथा विज्ञहरूसँग दफावार छलफल गरी समुदायले सहज रूपमा अपनत्व गर्ने गरी विधेयक अघि बढाइने भनाई उनको छ।

**विकास र वातावरण बीच सन्तुलन कायम राखौं । स्वच्छ र स्वस्थ वातावरणमा बाच्न पाउने हकको सम्मान गरौं ।**

पृथ्वी सबैको साझा घर हो। पृथ्वीमा रहेका लाखौं जीवजन्तु मध्ये हामी मानिस एक हौं। हामीले हाम्रो सुविधा, सुख सयल, आनन्द र भोगविलासको लागि बाटो घाटो, पुल पुलेसा, नहर कूलो, भवन, विद्युत गृह, सुरुङ, सडक, औद्योगिक क्षेत्र तथा हवाइ मैदान जस्ता विकासका पूर्वाधार बनाइ रहेका छौं। यी पूर्वाधार बनाउँदा प्राकृतिक अवस्थामा खलल् पर्दछ नै। वातावरणीय अध्ययन बिना बनाएका विकासका पूर्वाधारका कारण प्रत्येक वर्ष ठूलो धनजनको क्षतिसमेत हुने गरेको छ। वातावरणीय अध्ययनले आयोजनाले पार्ने नकारात्मक असरलाई न्यून गर्ने, बैकल्पिक उपायको खोजी गरी सुझाउने र सकारात्मक प्रभावलाई बढाउने कार्य गर्दछ। त्यसैले, विकासका पूर्वाधार निर्माण सम्बन्धी निकायहरुले विकासका आयोजनाहरुको कार्यान्वयन गर्नु पूर्व वातावरण संरक्षण ऐन र वातावरण संरक्षण नियमावलीमा भएका व्यवस्था अनुशरण गरी वातावरणीय अध्ययन गरेर मात्र आयोजना वा कार्यक्रम स्वीकृत गरी निर्माणको कार्य अगाडि बढाउन हुन सम्बन्धित सबैमा मन्त्रालय हार्दिक अपिल गर्दछ।

अनुरोधक
गण्डकी प्रदेश सरकार

**खाना पकाउने ग्याँस प्रयोगमा सावधानी अपनाऔं ।**

◆सलाई, लाइटरजस्ता प्रज्वलनशील सामग्री बालबालिकाले भेट्ने गरी नराखौं,
◆ग्याँस बालेर भान्साकोठा छाडेर नजाऔं,
◆ग्याँस सिलिण्डरलाई सकेसम्म भान्सा कोठाभन्दा बाहिर राखौं,
◆प्रयोग मिति यकीन गरेर मात्र ग्याँस सिलिण्डर खरिद गरौं,
◆ग्याँस सिलिण्डरको पाइप समय-समयमा जाँच गरौं,
◆आवश्यकताभन्दा बढी ग्याँस सिलिण्डर सञ्चय नगरौं,
◆कुनै खराबी वा टुटफूट भए तुरुन्त मर्मत गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : विसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी



डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि



डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि



डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# कन्या माविलाई ग्लोबल आइएमइ बैंकको शैक्षिक सामग्री सहयोग

पोखरापत्र संवाददाता
पोखरा, ११ चैत



पोखराको नदीपुरस्थित कन्या माविलाई ग्लोबल आइएमई बैंक चिप्लेढुंगा शाखाले विभिन्न सामग्री सहयोग गरेको छ ।

विद्यालयको सभाहलमा एक कार्यक्रम बिच बैंकले अध्ययन र खेलकुदलगायतका सामग्री सहयोग गरेको हो ।

सामग्री हस्तान्तरण गर्दै बैंकका गण्डकी प्रदेश प्रमुख सुशोभन देवकोटाले विद्यार्थीहरुलाई बैंकले आगामी दिनमा थप शिक्षामूलक कार्यक्रममा सघाउने बताए । बैंकले सामाजिक उत्तरदायित्व वहन गर्ने जिम्मेवारीकासाथ भविष्यमा पनि सहयोग जारी राख्ने बताएका छन् ।

प्रमुख अतिथि वडा ३ का अध्यक्ष प्रकाशमान उदासले बैंकले गरेको सहयोगको प्रशंसा गर्दै यस्तो सहयोगले नानीहरुको पढाईमा सहयोग पुग्ने बताए । कार्यक्रममा विद्यालय व्यवस्थापन समिति अध्यक्ष चिरञ्जिवी द्वा, प्रधानाध्यापक प्रेमबहादुर बुढाथोकी, प्रादेशिक कार्यालय बजार व्यवस्थापक राजकुमार महर्जन,चिप्लेढुंगा शाखा म्यानेजर अरुण भट्ट लगायतको उपस्थिति रहेको थियो ।

# गण्डकी प्रदेशद्वारा वृद्धिमुखी उद्यमशीलता र रोजगारी प्रवर्द्धन कार्यक्रम लागू

पोखरापत्र संवाददाता
म्याग्दी, ११ चैत



गण्डकी प्रदेशको चार जिल्लाका पाँच वटा स्थानीय तहमा वृद्धिमुखी उद्यमशिलता र रोजगारी प्रवर्द्धन कार्यक्रम लागू गरिएको छ ।

गण्डकी प्रदेश सरकारको उद्योग तथा पर्यटन मन्त्रालय र सम्बन्धित स्थानीय तहको साझेदारीमा ' दायित्व' संस्थामार्फत उद्यमीको पहिचान गरी उनीहरुको क्षमता विकास, व्यवसाय स्तरोन्नति र बिक्री तथा बजारीकरणका लागि कार्यक्रम सञ्चालन भएको हो । दायित्व संस्थाका कार्यक्रम अधिकृत जुनतारा रानाले पर्वतको जलजलासँगै नवलपुरको हुप्सेकोट, बागलुङको बडीगाड, गोरखाको गोरखा नगरपालिका, सिरानचोक गाउँपालिका र तनहुँको म्याग्दे गाउँपालिकामा यो कार्यक्रम लागू भएको राससलाई जानकारी दिनुभयो । "यस कार्यक्रमका लागि चालु आर्थिक वर्षमा प्रदेश सरकारले प्रत्येक स्थानीय तहलाई रु ४० लाख पठाएको र सम्बन्धित पालिकाले रु २० लाखका दरले बजेट बिनियोजन गरेका छन्," उहाँले भन्नुभयो "कृषि, पशुपालन, जडीबुटी, पर्यटन, सेवा र उत्पादनमा आधारित लघु, साना तथा मझौला उद्यमीलाई परियोजनाको कुल लागतमा ५० प्रतिशत साझेदारी गर्छौं ।" हरेक स्थानीय तहमा ४० जना उद्यमीलाई न्युनतम रु २५ हजारदेखि रु एक लाख ५० हजारसम्म उद्यममा साझेदारी गरिने कार्यक्रम अधिकृत रानाले बताउनुभयो । पहिलो चरणमा कार्यक्रममा आवद्ध हुन इच्छुक उद्यमीबाट आवेदन सङ्कलन गर्न थालिएको छ । तोकिएको मापदण्डअनुसार पहिलो चरणमा ४० जना उद्यमी चयन गर्ने, २० जनालाई रु २५ हजारसम्म उद्यम विकास प्रविधि पुरक साझेदारी, १० जनालाई रु एक लाखसम्म नवप्रवर्द्धन पुरक साझेदारी, तेस्रो चरणमा नौ जनालाई रु ८० हजार र एक जनालाई रु एक लाख ५० हजार बिक्री तथा बजारीकरण प्रविधि पुरक साझेदारी गरिने जलजला गाउँपालिकाको उद्यम अधिकृत भगवती पुनले बताउनुभयो ।

# सेकार्कु तातोपानीलाई व्यवस्थित बनाउन पूर्वाधार निर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, ११ चैत

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-१ सेकार्कुस्थित तातोपानी कुण्डलाई व्यवस्थित बनाउन पूर्वाधार निर्माण थालिएको छ ।

पहाडको फेदर कालीगण्डकी नदीको किनारमा रहेको मुहानबाट निस्कने पानीलाई पोखरीमा सङ्कलन गरेर स्नानको व्यवस्था मिलाउने र पर्यटक भित्र्याउने उद्देश्यले अन्नपूर्ण गाउँपालिकाले रु एक करोड १७ लाखको लागतमा पूर्वाधार निर्माण थालेको हो । अन्नपूर्ण गाउँपालिका-१ का वडाध्यक्ष दिलीप गर्बुजाले तातोपानी पानी सङ्केलन गर्ने पोखरी, आश्रयस्थल, सार्वजनिक शौचालय, कपडा फेर्ने कोठा, टिकट काउन्टर र रेष्टुराँका लागि आवश्यक पूर्वाधार तयार पार्न लागिएको जानकारी दिनुभयो ।

"कालीगण्डकी किनारको तातोपानी व्यवस्थित नहुँदा हाल हिउँद याममा मात्र खुला ठाउँमा स्नान गर्न सकिन्छ", उहाँले भन्नुभयो, "बेनी-जोमसोम सडकको नजिकै निर्माण हुन लागेको पोखरी सञ्चालन गरेर आम्दानीको स्रोत बनाउने लक्ष्य छ ।" सेकार्कुमा ५० डिग्री सेल्सियस प्राकृतिक तातोपानी निस्कने मुहान रहेको छ । तातोपानी सङ्कलन गरिएको पोखरीमा स्नान गरेमा शारीरिक स्फूर्तिका साथै चोटपटक लागेको, चिसोका कारण हुने स्वास्थ्य समस्या निको हुने जनविश्वास छ । मुहानदेखि छ सय मिटर तल दुई इन्चको युपिभिसी पाइपबाट ल्याइने तातोपानी सङ्कलन गरेर स्नानका लागि ११ दशमलव २५ मिटर लम्बाइ र आठ मिटर चौडाइ भएको पोखरी निर्माणको काम अन्तिम चरणमा पुगेको छ । सङ्घीय सरकारको विशेष अनुदानमा सेकार्कु तातोपानी कुण्डमा पूर्वाधार निर्माणका लागि २०८१ असार ३ गते कालीगण्डकी निर्माण सेवा प्रालिसँग रू एक करोड १७ लाख ६० हजार छ सय ८५ मा ठेक्का सम्झौता भएको थियो । विसं २०८२ जेठ ३० गतेसम्म म्याद रहेको ठेक्कामार्फत पोखरी र परिसरमा भौतिक संरचना निर्माण गर्ने काम ७० प्रतिशत सकिएको अन्नपूर्ण गाउँपालिकाका सवइञ्जिनियर करिम मुल्लाह मियाले बताउनुभयो । ठेकेदारले तातोपानी सङ्कलनका लागि मुहानमा तीन वटा इन्टेक र पाइपलाइन जडानको तयारी गरेको छ । तातोपानीको मुहानसम्म पुग्ने सडक बनाउन धेरै खर्च लाग्ने र बर्खामा बाढीले असर पुऱ्याउने भएकाले केही तल संरचना बनाउन लागिएको हो । बेनी-जोमसोम सडकको तिप्ल्याङ-महभिर जोड्ने मोटरबल पुलदेखि पाँच सय मिटर नजिकै बनाउन लागिएको तातोपानी कुण्डले मुस्ताङ जाने आउने पर्यटकको बसाई लम्बाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

# कोवाङ-जोमसोम सडक निर्माणमा ढिलासुस्ती

पोखरापत्र संवाददाता
मुस्ताङ, ११ चैत

कोरला नाका जोड्ने राष्ट्रिय गौरवको (बेनी-जोमसोम-कोरला) सडकअन्तर्गत मुस्ताङको कोवाङ-जोमसोम सडकखण्डको काम सुरु भएको सात वर्ष हुँदा पनि पूरा हुन सकेको छैन । आर्थिक वर्ष २०७३/७४ मा ठेक्का सम्झौता भएको (बेनी-जोमसोम) चौथो खण्ड सम्बन्धित निर्माण कम्पनीले ढिलासुस्ती गर्दा कालोपत्र अलपत्र बनेको हो ।

आयोजनाका सूचना अधिकारी इन्जिनियर विष्णु चापागाईंका अनुसार निर्माण कम्पनीले काममा ढिला सुस्ती गरेपछि पाँच महिनाअघि नै कारबाहीको प्रक्रिया अगाडि बढाइसकिएको छ । पछिल्लो म्याद असोज महिनामा सकिएकाले निर्माण कम्पनीलाई ठेक्का लागतको दैनिक (०.०५) प्रतिशत हर्जाना लाग्ने गरी जरिवाना रकम तोकेर विभागीय कारबाही अघि बढाइएको आयोजनाका सूचना अधिकारी चापागाईंको भनाइ छ । तर प्रक्रिया अघि बढाएपछि भने निर्माण कम्पनी काममा फर्किएको उहाँले बताउनुभयो । "निर्माण कम्पनी काममा फर्किएको छ, केही स्थानमा सडक संरचना निर्माण सुरु गरेको छ," सूचना अधिकारी चापागाईंले भन्नुभयो, "निर्माण कम्पनीले तीव्र गति दिएर काम गरेमा एक महिनाभित्रै कालोपत्रको काम सकिन्छ, हामीले पनि निरन्तर अनुगमन गरिरहेका छौं ।"

कोवाङ-जोमसोम सडक कालोपत्र तथा संरचना निर्माणका लागि पप्पु-गौरी पार्वती-कोशी एण्ड न्यौपाने जेभीले रु ७० करोडमा ठेक्का सम्झौता गरेको थियो । भौगोलिक विकटता, कोरोना महामारीलगायतका कारण देखाउँदै निर्माण कम्पनीले ढिलासुस्ती गर्दै आएको थियो । कोवाङ-जोमसोम सडकखण्डमा १७ किमी सडकमा कालोपत्रका लागि यसअघि ६ पटकसम्म म्याद थप भइसकेको छ । सुरुआती चरणमा कालोपत्र गर्दै आएको कोशी एन्ड न्यौपाने जेभीले सडक निर्माण गर्न नसकेपछि जेभीको मुख्य प्रतिनिधित्व गर्ने गौरी पार्वती (कोवाङ-जोमसोम) काममा फर्किएको थियो । सार्वजनिक खरिद नियमावलीको मापदण्ड उल्लेख गरिएअनुसार कानुनी प्रावधानअनुसार तोकिएको दैनिक जरिवाना प्रतिशतका हिसाबले रु तीन लाख ११ हजार हुन आउँछ । यो जरिवाना तोकिएअनुसार हालसम्म निर्माण कम्पनीले लाखौं रकम आयोजनालाई बुझाउनुपर्ने देखिन्छ । बेनी-जोमसोम चार खण्डमध्ये (कोवाङ-जोमसोम) कालोपत्र सडकको भौतिक प्रगित ९० प्रतिशत पुगेको आयोजना कार्यालयले जनाएको छ । सडकअन्तर्गत (कोवाङ-जोमसोम) १७ किमी सडकमध्ये १२ किमी सडकको अस्फाल्ट कालोपत्र सम्पन्न भइसकेको छ । जसअन्तर्गत मार्फा-जोमसोम चार किलोमिटर र थासाङ-१ टुकुचेमा करिब एक किलोमिटर दूरीमा कालोपत्र सडक स्तरोन्नति बाँकी छ । कोवाङ-जोमसोम सडक चालु आर्थिक वर्षभित्रै सकिने गरी निर्माण कम्पनीको ध्यानाकर्षण गराइएको छ । मुस्ताङको घाँसादेखि कागबेनी र मुक्तिनाथ सडकसम्म कालोपत्र सकिँदा मुस्ताङको मार्फा-जोमसोमु सडक कालोपत्र सम्पन्न हुन सकेको छैन ।

# म्याग्दीमा सडक पूर्वाधारका ७१ योजना

पोखरापत्र संवाददाता
म्याग्दी, ११ चैत

पूर्वाधार विकास कार्यालय, म्याग्दीले चालु आर्थिक वर्ष २०८१/०८२ मा सडक पूर्वाधारसम्बन्धी ७१ वटा योजना कार्यान्वयन गरेको छ ।

नयाँ सालबसाली ३७, क्रमागत सालबसाली सात, नयाँ बहुवर्षीय प्रस्तावित नौ र पुराना १८ वटा क्रमागत योजना कार्यान्वयन गर्न गण्डकी प्रदेश सरकारले यस वर्ष रू ५९ करोड ३१ लाख बजेट विनियोजन गरेको छ । ग्रामीण सडक फराकिलो पार्ने, ग्रेड तथा घुम्ती सुधार गर्ने, नाली, पर्खाल निर्माण, कालोपत्र, ढलान गर्न तथा मोटरेबल र झोलुङ्गे पुल निर्माणसम्बन्धी योजना सञ्चालन गरेको कार्यालय प्रमुख विष्णु पौडेलले बताउनुभयो । उहाँका अनुसार रू नौ करोड ५० लाख बजेट विनियोजन भएका सालबसाली नयाँ ३७ वटा योजनामध्ये पाँच वटा सम्पन्न, सात वटा ठेक्का प्रक्रियामा र २२ वटा निर्माणाधीन रहेका छन् ।

रू १८ वटा पुराना क्रमागत योजनामध्ये अर्मेखोला र अर्कला मोटरेबल पुलसहित चार वटा योजना सम्पन्न र १४ वटा निर्माणाधीन अवस्थामा छन् । गत वर्ष रू ६७ करोड ७८ लाखमा ठेक्का सम्झौता भएका सात वटा योजनाका लागि चालु आवमा विनियोजन भएको बजेट खर्च भइसकेको छ । बेनी-पाखापानी, हाडेभिर-भकिम्ली, पखेर-बरङ्जा, अदिभारा-डाँडागाउँ, धारापानी-ताकम-शिवाङ सडक योजनाको ५० प्रतिशतभन्दा बढी भौतिक प्रगति भएको छ । अदिभारा र शिवारत्रिखोलाको मोटरेबल पुल निर्माण सुरू भइसकेका छन् । आर्थिक वर्ष २०७६/०७७ देखि सुरू भएको बेनी-दरवाङ सडकको आठ किलोमिटर दूरीको रनवाङ-दरवाङ खण्डको तीन किलोमिटरमा कालोपत्र सकिएको र बाँकी सडक पनि यसै वर्षभित्र सम्पन्न गर्ने तयारी छ । धौलागिरि गाउँपालिकाको दरखोलाको मोटरेबल पुल र अन्नपूर्ण गाउँपालिकाको पर्यटकीयस्थल घोडेपानी जोड्ने सडक स्तरोन्नति योजनाका ठेकेदारले काम सुरू गर्ने तयारीमा छन् । यस वर्ष रू २४ करोड विनियोजन र रू ९२ करोडको स्रोत सुनिश्चितता भएको दरवाङ-धारापानी-ताकम-मच्छिम-मुना-जलजला ढोरपाटन सडक योजना कार्यान्वयनका लागि ठेक्का आह्वान भएको छ ।

तीन करोड बजेटको बहुवर्षीय स्रोत सुनिश्चितता भएको मालिका गाउँपालिका-२ रुमदेखि बागलुङको तारखोला जोड्ने सडक स्तरोन्नति योजना पनि ठेक्का प्रक्रियामा छ । रू पाँच करोड बजेट स्रोत सुनिश्चितता भएको रघुगङ्गा गाउँपालिकाको-बेग सडक र मालिका गाउँपालिकाको थापाचौर-सावटा झोलुङ्गे पुल निर्माणका लागि ठेक्का आह्वानको तयारी भएको छ ।

धौलागिरि गाउँपालिकाको मुना-मुदी सडकको दरखोलामा मोटरेबल पुल र गलेश्वर-काउलेगौडा सडक निर्माणका लागि पूर्वाधार विकास कार्यालयले बहुवर्षीय स्रोत सुनिश्चितताका लागि प्रस्ताव गरे पनि भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था र आर्थिक मामिला मन्त्रालयले निर्णय गरेका छैनन् । म्याग्दी १(१) बाट निर्वाचित प्रदेशसभा सदस्य हरिबहादुर भण्डारीले गत वर्ष ठेक्का सम्झौता भएका योजनाका लागि चालु आवमा विनियोजन भएको बजेट सकिएपछि निर्माण रोकिन थालेको विषयमा सम्बद्ध मन्त्रालय र प्रदेश सरकारको ध्यानाकर्षण गराई थप बजेटको लागि पहल गरेको बताउनुभयो ।

# बाघको सङ्ख्या बढ्दा बासस्थानको समस्य

रासस
चितवन, ११ चैत

नेपालमा बाघको सङ्ख्या बढ्दै जाँदा त्यसको बासस्थान क्षेत्र बढाउनुपर्ने देखिएको छ । निकुञ्ज क्षेत्र, मध्यवर्ती क्षेत्र र अन्य वन क्षेत्र बाघको बासस्थान भए पनि बाघको सङ्ख्या बढ्न थालेपछि बासस्थानको समस्या पनि बढेको छ ।

चितवन राष्ट्रिय निकुञ्जले यहाँ आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका वरिष्ठ इकोलोजिष्ट हरिभद्र आचार्यले बाघका लागि बासस्थान बढाउन आवश्यक रहेको बताउनुभयो ।

विगत पाँच वर्षयता बाघको सङ्ख्या बढ्दै गएकाले बासस्थान पनि बढाउन आवश्यक रहेको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "हिंस्रक बाघलाई खुला चिडियाघर बनाएर उनीहरूको संरक्षण गर्न आवश्यक छ, खुला चिडियाघर बनाएर त्यसलाई आयआर्जनसँग जोड्न सकिन्छ ।"

नेपालमा बाघको सङ्ख्या सन् २००९ मा एक सय २१ रहेकामा सन् २०२२ मा बढेर तीन सय ५५ पुगेको छ । बाघको सङ्ख्या सन् २०१३ मा एक सय ९८ र सन् २०१८ मा दुई सय ५३ रहेको थियो । बाघको सङ्ख्या बढ्दै गर्दा बासस्थान क्षेत्र ९३ प्रतिशत घटेको आचार्यले बताउनुभयो ।

एक सय वर्ष पहिले विश्वमा एक लाखको हाराहारीमा बाघ रहेकामा अहिले यो सङ्ख्या घटेर पाँच हजार पुगेको उहाँले जानकारी दिनुभयो । पछिल्ला वर्षहरूमा बाघको संरक्षणमा ध्यान दिइएकाले यसको सङ्ख्या बढ्दै गएको हो ।

नेपालको वन क्षेत्रमा पाँच सयको हाराहारीमा बाघ राख्न सकिने आचार्यले बताउनुभयो । उहाँले भन्नुभयो, "निकुञ्जको कोर क्षेत्रमा चार सय चार बाघ राख्न सकिने देखिन्छ ।" बाघको मुख्य आहार मृग प्रजाति रहेकाले यसलाई समेत संरक्षण गर्न आवश्यक छ ।

मृग प्रजातिसँगै बाँदर र घरपालुवा जनावार बाघको आहाराका रूपमा रहेको सो अवसरमा जानकारी दिइयो ।


HIMALAYAN LIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७, पो.ब.नं २५९७९

## हकदावी सम्बन्धि सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

| क्र.सं. | बीमालेख | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | ULI4170000135 | हुम कुमारी भण्डारी | देवीस्थान-१, वागलुङ |
| २ | GLI0610007894 | सुनिता शर्मा पाठक | पैंयुपाटा-८, वागलुङ |



नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय, कास्की

## मालपोत कार्यालय कास्कीबाट जारी भएको हकदावी गर्ने ३५ दिने सार्वजनीक सुचना ।

सूचना प्रकाशित मिति २०८१/१२/११

यसमा कास्की जिल्ला पोखरा महानगरपालिका वडा न ४ बस्ने बुद्धिप्रसाद को नाती दिनेश कुमार श्रेष्ठ लिगलको छोरा (ना.प्र. नं. ८१७७९ जारी मिति २०५६/०२/०८ जारी जिल्ला कास्की भएका कमल लिगलले दिने (आमा) बुद्धि प्रसादको बुहारी दिनेश कुमार श्रेष्ठको श्रीमती फुलमाया श्रेष्ठ र लिने आफु बुद्धि प्रसादको नाती दिनेश कुमार लिगलको छोरा कमल लिगल भई मालपोत कार्यालय कास्कीबाट र.नं २(क) मिति २०७६/०४/०६ मा शेपपछिको बकसपत्र (अष्टलोह सम्पती विवरण नखुलेको) पारित गरेका र आमा फुलमाया श्रेष्ठको मिति २०८१।०९।२५ मा मृत्यु भएको हुँदा स्वर्गीय आमा फुलमाया श्रेष्ठका नाममा रहेका तपसिल बमोजिमका जग्गा आफनो नाममा दा खा नामसारी गरीपाउ भनि मिति २०८१।१०।२० मा माग निवेदन पेश हुन आएकोमा, मृतक जग्गाधनी फुलमाया श्रेष्ठका नाममा श्रेस्ता कायम रहेका जग्गामा निवेदक बाहेक अन्य कोही हकदार भएमा निवेदकका नाममा नामासारी गर्दा फरक पर्छ वा पर्दैन ? अन्य कोहि हकदार हो वा होईन ? कसैको हकदावी भएमा सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा कार्यालय समयभित्र प्रमाण सहित उपस्थित हुन यो सार्वजनिक सूचना प्रकासित गरिएको छ । म्यादभित्र कोहीकसैको मागदावी उजुर बाजुर नपरे माग निवेदन बमोजिम फुलमाया श्रेष्ठका नाममा रहेका तपसिल बमोजिमको कि. नं. को जग्गा निवेदकका नाउमा दा.खा नामसारी भैजाने व्यहोरा समेत सम्बन्धित सबैमा यसै सार्वजनिक सूचना मार्फत जानाकारी गराईन्छ ।

तपशिल

| जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | सिट नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| कास्की | पदेली | ३ | ८८६ | ५-३-०-२ | ०९३०८७६ | |
| कास्की | पदेली | ३ | ३६३० | २-१५-०-२ | ०९३०८७६ | |
| कास्की | पोउमनपा | ४ | १४४ | ९३.६ | ०९३०८७९२० | फुलमाया श्रेष्ठको हक हिस्सा मात्र |
| कास्की | पोउमनपा | ४ | ४२८ | २००.०० | ०९३०८७९२० | |
| कास्की | पोउमनपा | ४ | ११४ | १८७.८ | ०९३०८८०१६ | फुलमाया श्रेष्ठको हक हिस्सा मात्र |

ईति संवत २०८१ साल चैत्र १२ गते रोज २ शुभम् ।